चलानी नं.:- ९१८

मधेश प्रदेश,

मिति:-२०८०/१०/०७ गते

विषय – नदीजन्य पदार्थ उत्खनन् ,संकलन प्रशोधन र विक्री वितरण सम्बन्धमा ।

श्री जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर
श्री निजगढ नगरपालिका, निजगढ
श्री कोल्हवी नगरपालिका , कोल्हवी
बारा ।

उपर्युक्त सम्बन्धमा तहाँ पालिका अन्तर्गत सञ्चालित ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा प्रशोधन उद्योगहरुले तहाँ स्थानीय तहहरुको क्षेत्रमा पर्ने नदी वा खोलाबाट उत्खनन् गरिएका नदीजन्य पदार्थहरु प्रयोग गरी सो को प्रशोधन तथा रुप परिवर्तन गरी व्यवसाय सञ्चालन गर्दै आएको व्यहोरा विदितै छ। उद्योग संचालन गर्दा अपनाउनु पर्ने विभिन्न शर्त एवम् ऐन कानुनहरुको पालना गर्नु गराउनु सम्बन्धित उद्योग सञ्चालक एवम् पालिकाको कर्तव्य हो। उद्योग संचालकहरुले नदीजन्य पदार्थ उत्खनन् , संकलन प्रशोधन देखि विक्री वितरण सम्म अपनाउनु पर्ने विभिन्न शर्तहरु,मापदण्ड एवम् ऐन नियमको पालना गरेको नदेखिएकोले यो पत्र लेख्ने कार्य भएको हो । यसमा उद्योग सञ्चालकहरुले नदीजन्य पदार्थहरुको ठेक्का सम्झौता नभएको अवस्थामा पनि बिना प्रमाणपुर्जा उत्खनन् गरी ल्याईएका नदीजन्य पदार्थ खरिद गर्ने गरेको ,पालिकाबाट कार्यान्वयनको चरणमा रहेको प्रारम्भिक वातावरणीय परीक्षणका शर्तहरुको विपरीत काम गरेको , पालिकाबाट स्टक प्रमाणित नगराई काम गरेको, नदीजन्य पदार्थको प्रयोगबाट उत्पादन भएका धुलो,गिट्टी लगायतका वस्तुहरुको उचित तवरले व्यवस्थापन नगरी खोला नदीको उकास जगामा जथाभावी फालेको जस्ता कार्यहरु गरेको विभिन्न सञ्चार माध्यमहरु बाट जानकारी प्राप्त भएको छ । यसरी तहाँ पालिका अन्तर्गत सञ्चालित ढुङ्गा,गिट्टी ,बालुवा उत्खनन् विक्री सम्बन्धी क्रसर उद्योगहरुले ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन मापदण्ड(पहिलो संशोधन सहित),२०७९ विपरीत कार्यहरु गरेको देखिँदा अब उप्रान्त यस्ता कार्यहरु नगर्न नगराउनु हुन अनुरोध छ । साथै कानुन विपरीत कार्य गरेको पाइमा कानुन अनुसार हदैसम्मको कारबाही हुने र नदीजन्य पदार्थ ओसारपोसारमा प्रयोग हुने सवारीसाधन जफत समेत हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**पुनश्च:**यस कार्यालयको च.नं.५७ मिति २०८०/०५/२६ गतेको पत्रद्वारा तहाँ पालिकाबाट नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री वितरण गर्न प्रकृया बढाए नबढाएको, IEE स्वीकृत भए नभएको , ठेक्का बन्दोवस्तको अवस्था सहितको प्रगति प्रतिवेदन माग गरिएकोमा हाल सम्म प्राप्त नभएकोले पत्र प्राप्त भएको मितिले ३ तीन दिन भित्र उपलब्ध गराई दिनुहुन समेत अनुरोध गरिन्छ।

**बोधार्थ:-**